नयाँ सन्देश
NAYA SANDESH WEEKLY www.nayasandesh.com साप्ताहिक

बिहीबार, २७ साउन २०६७
Thursday, August 12, 2010

Gurkha International Ltd.
Registered no. 6789975/13-01-2009
112, Risborough Lane, Folkestone, Kent CT20 3LL
Phone : 01303772977
E-mail : info@nayasandesh.com
chandika118@hotmail.co.uk
website- www.nayasandesh.com

**गोर्खा इन्टरनेसनल लिमिटेड**द्वारा प्रकाशित
**प्रधान सम्पादक**: चण्डीराज राई
**सहसम्पादक**: धीरेन्द्र रूम्दाली
**सञ्चालक समिति**
**अध्यक्ष : श्री शिवधन राई**
**उपाध्यक्ष : मेजर रि. हर्कराज राई** MVO
**आर्थिक व्यवस्थापक : क्याप्टेन रि. ज्ञानबहादुर लिम्बू**
**बजार व्यवस्थापक : क्याप्टेन रि. सुमनचन्द्र राई**
**प्रमुख वितरण : श्री विजय हितान मगर**
**ब्रुनाइ प्रतिनिधि : श्रीमती विमला लिम्बू**
**नेपालका लागि : ध्रुवकुमार राई**
**संवाददाता : विपिन चाम्लिङ (मलेशिया)**
लेआउट : **प्रारम्भ कम्प्युटर सेवा**, बागबजार (९८४१३३०४७०, ९८४१२५८६८१)
**नेपाल सम्पर्क ठेगाना**: ललितपुर उपमहानगरपालिका-७, ग्वार्कोचोक, ललितपुर (सुनापाताल ऋण तथा सहकारी संस्थासँगै), फोन: ९७७-१-५५४५५४५, ९७७-१-५५४५५३५

नयाँ सन्देश
NAYA SANDESH WEEKLY www.nayasandesh.com साप्ताहिक

## राजनीतिमा विश्वासघात

नेपालको पछिल्लो राजनीतिक अवस्था अझै पनि तरल छ । राजनीतिको रंगमञ्चमा देखिइरहने यस्तो तरलताले देशलाई कता लाने हो त्यो अझै भविष्यको गर्भमा रहेको छ, किनकि मुलुक यसरी अनिर्णयको बन्दी अवस्थामा रहिरहनुको मूल कारण राजनीतिक दलहरू नै हुन् । हिजो उनीहरूले नै मुलुक प्रगति र अग्रगमनको मार्गमा लम्कन नसकेको कारण देखाउँदै जनतालाई आन्दोलनमा होमिनका लागि बोलाएका थिए र नेताको होस्टेमा जनताले हैंसे गरिदिएका थिए । तर आजको राजनेताको व्यवहार देख्दा लाग्छ कतै उनीहरू वालुवा पेलेर त तेल निकाल्न खोज्दै छैनन् ? राजनीतिक अकर्मण्यताले गर्दा यहाँ मेहनत गर्नेको मेहनत र श्रम गर्नेको श्रम त्यत्तिकै खेर गइरहेको छ परिणाम शून्यजस्तै भएको छ । हामीले अहिले देखिरहेको, भोगिरहेको नेपाली राजनीति नैतिकताविहीन एवम् भ्रष्टाचारको जालोभित्र कैद भएको छ ।

एकीकृत नेकपा (माओवादी) ले आफू सत्ताबाट बहिर्गमन भएपछि नेकपा (एमाले) का नेता माधवकुमार नेपाललाई प्रधानमन्त्रीका रूपमा स्वीकार्न सकेन र फलत: ऊ आन्दोलनमा होमियो । लामो आन्दोलनपछि प्रधानमन्त्री पदबाट बहिर्गमन हुन उनले राजीनामा त दिए तर एक महिना लामो अवधि बित्दा समेत मुलुकले अर्को प्रधानमन्त्री पाउन सकेको छैन । प्रधानमन्त्रीका प्रत्यासीहरू कसैले पनि बहुमत पुऱ्याउन नसक्दा यो स्थिति आएको हो । अब त नेपाली राजनीतिको सहतमै कस्तो विडम्बना देखा पर्न थाल्यो भने नेपालमा प्रधानमन्त्री चुन्ने, राजनीतिक नियुक्ति दिने जस्ता विषयमा समेत यहीँका राजनेताहरूबाट सही निर्णय नै निस्कन सक्दो रहेनछ । जसको प्रमाण यहाँ तीन पटक प्रधानमन्त्रीका प्रत्यासीहरू मध्येबाट एक जना विजयी हुन नसक्दा छिमेकी मुलुक भारतका प्रधानमन्त्री मनमोहन सिंहका विशेषदूत श्याम शरण नेपालको राजनीतिक रंगमञ्चलाई मिलाउन आएकाले पनि प्रमाणित हुन्छ ।

बास्तवमा राजनेताहरूले मुलुकलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाएर राखिरहनु उचित हुँदैन । बरू राजनेताले मुलुकलाई अनिर्णयको बन्दी बनाइराख्ने र राजनीतिमा सानातिना समस्या देखापर्दा आफूहरू नै बसी उचित निर्णय गर्न नसकी विदेशीको मुख ताक्न थाल्ने हो भने नेपाली जनतामा राजनेताहरू प्रति थप नैराश्यता जाग्नेछ । जनता, जनताकै हैसियतमा भोलि पनि रहनेछ । तर राजनीतिमा पटक-पटक विश्वासघात भइरह्यो भने भोलि जनताले यिनै राजनेतालाई साथ देलान् त ?

# गोर्खा भर्ति, भेदभाव र आन्दोलनको समीक्षा-१

**• विचार**

**• डा. रामनारायण कन्दङ्वा**

वेलायत गोर्खा भर्ति परम्परा अप्रील २४, १८१५ को दिन प्रारम्भ भएको थियो जुनबेला अर्कोतिर एङ्लो नेपाल युद्ध पनि जारी थियो । वास्तवमा बेलायती सैनिक अधिकृतहरू काठमाण्डौं उपत्यकाका अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई सहयोग गर्न कप्तान किनलकले नेतृत्व गरि आएको सैनिक टुकडीसँग लड्दा गोर्खाहरूले देखाएको बहादुरीवाट नै अत्यन्त प्रभावित भएका थिए । त्यो युद्धमा गोरखाहरूले किनलकको सैनिक टुकडीको ठूलो संख्यालाई हताहत पार्नका साथै अपराजेय ठानिएको वेलायती सेनालाई पराजयको तितो अनुभव चखाएका थिए । पछि एङ्गलो नेपाल युद्ध (१८१४-१६) मा पनि गोर्खाहरूले अनुपम बहादुरीका साथ लडेर वेलायती सेनालाई आच्छु-आच्छु पारी नेपालसँग लड्न खटाईएका ४ वृटिस जनरल मध्ये जनरल मार्लो मारिएका थिए भने अर्का जनरल आफ्नो सेना छाडि भागेर ज्यान जोगाएका थिए । तर पनि नेपाली सेनाको अत्यन्त सानो संख्या, बृटिस सेनाको आधुनिक हतियारको तुलनामा नेपाली सेनाको परम्परागत हतियार, रसद पानीको कमी, युद्ध गर्ने परम्परागत शैली र सेनाको आधुनिकीकरणको कमीको कारणले गर्दा नेपाल युद्धमा पराजित भई बेलायती उपनिवेशवादको हित संरक्षण र प्रवर्द्धन गर्ने अभिप्रायले तयार गरिएको र नेपाल राज्यको इतिहासमै कलंकित सुगौली सन्धिमा हस्ताक्षर गर्न नेपाल बाध्य भयो । त्यहि वद्नाम सुगौली सन्धिका कारणले नेपालले व्यवहारमा आफ्नो सार्वभौमसत्ता प्रत्यक्ष परोक्षरूपमा गुमाई बेलायती उपनिवेशवादको पञ्जामा जकडिन पुग्यो जसको अप्रत्यक्ष प्रभाव नेपाली राजनीतिमा अहिलेसम्म परिरहेको छ ।

एङलो नेपाल युद्धमा पनि नेपालीहरूले देखाएको असाधारण बहादुरी, कठोर अनुशासन र मेहनतबाट वेलायती सैनिक अधिकारीहरू अत्यन्तै प्रभावित भई कुनै सन्धि सम्झौता विना एकपक्षीय रूपमा नेपाली युवाहरूलाई व्रिटिश भारतीय सेनामा भर्ना गर्न थाले । धेरै पढेलेखेका नेपालीहरूलाई पनि सुगौली सन्धिमा गोर्खाहरूलाई वेलायती सेनामा भर्ना गर्ने प्रावधान छ भन्ने भ्रम परेको छ । तर उक्त सन्धिमा त्यस्तो कुनै व्यवस्था रहेको छैन । तत्कालीन देशभक्त शक्तिशाली प्रधानमन्त्री भिमसेन थापा गोर्खा भर्ति प्रथाको घोर विरोधी थिए । उनी पछिका राणा शासकहरू खास गरेर जंगबहादुर राणा पनि व्यक्तिगत र राष्ट्रिय दुवै कारणले यस परम्पराका कट्टर विरोधी नै थिए । तत्कालीन व्रिटिस-भारतले गठन गरेको ४ गोर्खा रेजिमेन्टका लागि चाहिने नेपाली युवाहरू खोज्न छद्म भेषमा ठूलो संख्यामा एजेन्टहरू आर्थिक प्रलोभनमा पारी नेपालका गाऊँगाऊँमा पठाउथे । गोर्खाहरूको अनुपम वहादुरी, कठोर अनुशासन, इमान्दारिता, बलिष्ठ शरिर र बेलायती अधिकृतहरू प्रतिको उच्च निष्ठा र अन्य गुण विशेषताका वारेमा नेपालका लागि तत्कालीन वेलायती राजदुत (१८३३-४३) र आफ्नो समयका प्रकाण्ड विद्वान व्राईन हटन हड्सनले गहिरो अध्ययन विश्लेषण गरेका थिए । यिनले जहिले पनि विश्वभरि फैलिरहेको वेलायती साम्राज्यको रक्षा र विकासको निम्ति गोर्खाहरूलाई बेलायती सेनामा भर्ति गर्नुपर्ने दृढ विचारको वकालत गरेका थिए । व्रिटिश भारतले त्यहि निति अख्तियार गऱ्यो । तर नेपालका शासकहरूले यस कुरामा सकेसम्म असहयोग गरे । असहयोगका कारण व्रिटिश भारतले गठन गरेको ४ गोर्खा रेजिमेन्टका लागि चाहिने लडाकु गोरखा युवाहरूको अभाव सधैं नै खड्किरह्यो । त्यो अभावलाई पुरा गर्न व्रिटिश भारतले लुकिछिपि पैसाको बलमा एजेन्टहरू नेपालको भू-भाग भित्र पठाई ललाई-फकाई भर्ति गर्ने परम्परा सन १८१५ देखि १८८५ सम्म जारी रह्यो । गोर्खाहरूलाई भर्ती गर्न वेलायतीहरूको पहिलो प्राथमिकता थियो तथापि उनीहरू यस उदेश्यका लागि राणा शासक वीर शम्सेरको पालासम्म सफल भएनन् र लुकिछिपि गोर्खा युवाहरू खोज्न र भर्ति गर्न वाध्य भए ।

गोर्खा युवाहरूलाई भेटेपछि सबभन्दा पहिला उनीहरूलाई मादक पदार्थ सेवन गराउने अनि आर्थिक प्रलोभनमा पारि भारतस्थित विभिन्न तालिम केन्द्रहरूमा पुराई तालिम गराउथे । तीनताका ब्रिटिस भारतीय सेनामा भर्ती हुने परम्परा यति अलोकप्रिय थियो कि कयौं युवाहरू जाूदाजादैं भाग्थे भने कति तालिमका मैदानबाट र कति तालिम सकेपछि पनि भागेर घर फर्कन्थे । अझ कतिलाई आमा बाबुले बाटैबाट फर्काउथे । यस्तो अलोकप्रियता र भाग्ने भगाउने सिलसिला सन् १९७० को दशकसम्म कायम रहयो । त्यसपछि मात्र यसको लोकप्रियता र यसप्रतिको आकर्षण क्रमश: बढ्दै आएको हो । जहानीया राणा शासनका संस्थापक जंगबहादुरले पनि वेलायती अधिकारीहरूसँगको प्रत्यक्ष भेटघाटमा सक्दो सहयोग गर्ने आश्वासन दिए पनि व्यवहारमा उनी सँधै यस प्रथाका विरोधी रहे र सकेसम्म असहयोगको नीति लिए । आफ्ना अधिकारीहरूलाई यस कार्यको कडा निगरानी गर्न र रोक्न आदेश दिए भने युवाहरूलाई पनि नजान आदेश दिए । तर यथार्थमा यस कार्यमा व्रिटिश भारतले चाहेजति नेपाली युवाहरू प्राप्त गर्न असफल रह्यो भने नेपालले यस प्रथालाई पूर्ण रूपमा रोक्न असफल भयो । आजीत भएका जंगबहादुरले व्रिटिश भारतका गल्लावालहरू र एजेन्टहरूलाई गिरफ्तार गर्न र उनीहरूलाई नेपाली भूमिमा भेटिए देख्नेसाथ गोली हान्ने आदेश समेत दिएका थिए । आश्चर्य, व्रिटिश भारतले ज्यानको खतरा मोलेर भए पनि ७ दशकसम्म लुकिछिपिकै माध्यमबाट गोर्खा भर्ति परम्परालाई कायम राख्यो । यसबाट प्रष्ट हुन्छ तीनताका वेलायतलाई गोर्खाहरूको आवश्यकता र महत्व कति थियो ? बीर शम्सेरले भने वेलायती उपनिवेशवाद समक्ष आत्मसमर्पण गरी गोर्खा भर्तीका सम्वन्धमा उदार नीति अपनाई नेपाली युवाहरूलाई व्रिटिश भारतीय सेनामा भर्ति हुन उत्साहित पार्दै सन् १८८८ मा एउटा आदेश जारी गरे । त्यसपछिका सम्पूर्ण नेपाली शासकहरूले पनि उनकै नीतिको अनुसरण गरे पछि भने वेलायतीहरूले नेपाली युवाहरूलाई उनीहरूको सेनामा चाहिए जतिको संख्यामा भर्ती गर्न पहिला जस्तो कुनै समस्या वेहोर्नु परेन ।

सन् १८१५ मा गोरखा भर्ती प्रारम्भ भएपछि वेलायतले भारतीय उपमहाद्विप भित्र र बाहिर पनि गोरखा सेनाको व्यापक प्रयोग गऱ्यो । ती युद्धहरूमध्ये मराठा युद्ध (१८१७-१८), भरतपुर युद्ध (१८२५-२६), प्रथम शिख यद्ध (१८४५-४६), अफ्गान युद्ध (१८७८) र भारतीय सैनिक विद्रोह (१८५७) र योङहस्वेन्ड मिसन (१९०३-४) प्रमुख छन् । कति युद्धहरू दुइ तीन पटक सम्म लडेका थिए । भारतका धेरै आदिवासी जनजाति जस्तैः लुसाई, मिस्मी, नागा, आर्वोस, कोल्स, वोडोहरू विरूद्धको युद्धमा पनि गोर्खाहरूलाई प्रयोग गरियो र ठूलो संख्यामा गोर्खाहरू मारिए, वेपत्ता भए र अंगभंग भए । विडम्वना, पहिलो विश्वयुद्ध भन्दा अगाडि ९९ वर्षको अन्तरालमा गोर्खाहरूले लडेका कैयों लडाई, उनीहरूले वेलायतको निम्ति वगाएको पसिना, रगत तथा वलिदानको नेपाली विद्धान र इतिहासकारहरूले अत्यन्त कम चर्चा गरेका कारण ती युद्धहरूका वारेमा कम मानिसहरूलाई मात्र जानकारी छ र ती लडाईहरूको चर्चा अहिले रेजिमेन्टल हिस्ट्रिमा मात्र सीमित छ । जुन विशेष गरेर गोर्खा र नेपाली प्रतिकै अन्याय हो ।

त्यसपछि विश्व मानव इतिहासकै सबभन्दा भयावह, बर्वर र व्यापक पहिलो र दोश्रो विश्वयुद्धमा ५ लाखभन्दा बढी गोर्खा सेनाको प्रयोग भएको थियो भन्ने कुरा युद्ध शुरू भए पछि प्रत्येक वर्ष कति गोरखाहरूलाई भर्ना गरियो त्यो अभिलेख हेरे छर्लङ्ग हुन्छ । ती व्यापक युद्धहरूमा गोरखाहरू तोपको चारो ९ऋबललयल ाययमभच० को रूपमा यो ग्रहमा नपुगेको र नलडेको ठाउँ विरलै होला । दोश्रो विश्व युद्ध पछि आजको दिनसम्म अन्य कैयौं युद्धहरूमा गोर्खाहरूको अहम भूमिका रहेको छ । स्वाभावत ती युद्धहरूमा दसौं हजारको संख्यामा गोर्खाहरू मारिए, बेपत्ता भए र अंगभंग भए । आज पनि अफगानिस्तानको रणभूमिमा ठूलो संख्यामा गोर्खाहरू हताहत भईरहेका छन् र वेलायतको निम्ति खुन बगाउने सिलसिला जारी छ । उनीहरूको परिवारले बेहोर्नु परेको दर्दनाक छुट्टै कथा छ । कति दिदीवहिनीहरूले लामो विछोडको र कतिले आफ्नो श्रीमानको मृत्यूको पीडा सहन नसकी आत्महत्या गरे, कतिले मानसिक सन्तुलन गुमाए, कतिलाई सामन्ती समाजले बात लगायो त कतिले दोश्रो विवाह गरे । आश्चर्यको कुरा त के छ भने कतिको श्रीमान मरे-बाँचेको टुंगो नभएको हुनाले आफ्नो सिउँदोको सिन्दुर नपुछि जीवनको अन्तिम घडिमा पनि आफ्नो मुटुको टुक्रासँगको सुमधुर मिलनको लागि प्रतिक्षारत छन् । यसरी हजारौं गोर्खा युवाहरूको घरबार ध्वस्त भएको छ । ***(क्रमश:)***